# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, आश्विन २ गते २०२४ साल [ संख्या २३

श्री ५ को सरकार

गृह पञ्चायत–मन्त्रालयको

सूचना

राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ को उप–दफा (८) अनुसार श्री ५ को सरकारबाट स्वीकृति प्राप्त हाईस्कूलस्तरका शिक्षण संस्थाहरूमा सोही ऐन अनुसार विद्यार्थीहरूको संघ संस्था खोल्न पाइने गरी शिक्षण संस्थाको स्तर तोकिएको छ ।

आज्ञाले–

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

गृह पञ्चायत–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको राष्ट्रिय निर्देशन नियमावली-हरू २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### विद्यार्थीहरूको संघ वा संस्था खोल्ने नियमावली, २०२४

राष्ट्रिय निर्देशन ऐन, २०१८ (संशोधनहरूसमेत) को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो नियमहरूको नाम "विद्यार्थीहरूको संघ वा संस्था खोल्ने नियमावली, २०२४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

(क) "ऐन" भन्नाले राष्ट्रिय निर्देशन ऐन, २०१८ सम्झनु पर्छ,

(ख) "शिक्षण संस्था" भन्नाले विश्वविद्यालय, महाविद्यालय वा श्री ५ को सरकारले तोकेको स्तरको अन्य शिक्षण संस्था सम्झनु पर्छ,

(ग) "विद्यार्थी" भन्नाले कुनै शिक्षण संस्थामा नाम दर्ता गराई अध्ययन गरिरहेको व्यक्ति सम्झनु पर्छ ।

३. विधान मसौदा समितिको गठनः– (१) कुनै शिक्षण संस्थाका विद्यार्थीहरूले आफ्नो शारीरिक, बौद्धिक तथा सांस्कृतिक विकास गर्ने उद्देश्य राखी कुनै संघ वा संस्था खोल्न चाहेमा सम्बन्धित शिक्षण संस्थाका उप–कुलपति, प्राचार्य वा प्रधान अध्यापकले सम्बन्धित शिक्षण संस्थाका विद्यार्थीहरूबाट चुनिएका प्रतिनिधिहरूको एक विधान मसौदा समिति गठन गर्ने छन् ।

(२) सो समितिले देहायका खण्डहरूका उपबन्धहरूका अधीनमा रही तयार गरिएको विधानको मसौदालाई स्वीकृतिको निमित्त, उप–कुलपति, प्राचार्य वा प्रधानाध्यापक समक्ष पेश गर्ने छः–

(क) संघ वा संस्थाको काम कारवाई राजनीति वा राजनैतिक उद्देश्य रहित हुने छ,

(ख) संघ वा संस्थाको कार्यक्षेत्र सम्बन्धित शिक्षण संस्थामा मात्र सिमित हुने छ ।

४. विधानको स्वीकृतिः– नियम ३ अनुसार तयार गरिएको विधानको मसौदालाई उप–कुलपति प्राचार्य वा प्रधानाध्यापकले ऐन र यो नियमावली अनुकूल भए नभएको जाँची आवश्यकतानुसार संशोधन गर्नुपर्ने भए सोसमेत गरी स्वीकृति प्रदान गर्ने छन् । विधानलाई स्वीकृति प्रदान गरिएको मितिदेखि त्यस्तो संघ वा संस्था स्थापित हुन सक्ने छ ।

५. विधानको संशोधनः– स्वीकृत विधानमा संशोधन गर्नुपरेमा सम्बन्धित शिक्षण संस्थाका उप–कुलपति, प्राचार्य वा प्रधानाध्यापकको स्वीकृति लिई सो संघ वा संस्थाको कार्यकारिणी अंगले बहुमतको रायले संशोधन गर्न सक्ने छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।